" मीठे बच्चे– योग अग्निद्वारा पापलाई भस्म गरेर सतोप्रधान बन्नु छ , कुनै पनि पाप कर्म गर्नु छैन।"

प्रश्नः– सत्ययुगमा उच्च पद कुन आधारमा मिल्छ? यहाँको कुनचाहिँ मर्यादा सबैलाई सुनाउनु छ?

उत्तरः– सत्ययुगमा पवित्रताको आधारमा उच्च पद मिल्छ। जसले पवित्रतालाई कम धारण गर्छन्, उनीहरू सत्ययुगमा ढिलो आउँछन् र पद पनि सानो पाउँछन्। यहाँ कोही आउँछन् भने उनीहरूलाई मर्यादा सुनाऊ– दान दियो भने ग्रहण छुट्छ। ५ विकारको दान दियौ भने तिमी १६ कला सम्पूर्ण बन्छौ। तिमी बच्चाहरूले पनि आफ्नो दिलसँग सोध– म भित्र कुनै विकार त छैन?

ओम् शान्ति। रूहानी बाबाले रूहानी बच्चाहरूलाई सम्झाउनु हुन्छ– अहिले स्वर्गको स्थापना भइरहेको छ, यो मनुष्यलाई कसरी सम्झाउने? ५ हजार वर्ष पहिले पनि विश्वमा स्वर्ग थियो। लक्ष्मी-नारायणको राज्य थियो। विचार गर– त्यतिबेला कति मनुष्य थिए होलान्? सत्ययुगको आदिमा बढीमा ९-१० लाख हुन्छन्। सुरुमा वृक्ष सानो हुन्छ। यतिबेला जबकि कलियुगको अन्त्य हो, कति ठूलो वृक्ष छ– अब यसको विनाश पनि अवश्य हुनु छ। बच्चाहरूले सम्झन्छन्– यो त्यही महाभारत लडाइँ हो। यतिबेला नै गीताका भगवानले राजयोग सिकाउनु भएको हो र देवी-देवता धर्मको स्थापना गर्नु भएको हो। संगममा नै अनेक धर्मको विनाश, एक धर्मको स्थापना भएको थियो। बच्चाहरूले यो पनि जानेका छौ– आज भन्दा ५ हजार वर्ष पहिले विश्व स्वर्ग थियो, अरू कुनै धर्म थिएन। यस्तो नयाँ दुनियाँ स्थापना गर्ने बाबा संगममा आउनु हुन्छ। अहिले त्यो नयाँ दुनियाँ स्थापना भइरहेको छ। पुरानो दुनियाँ विनाश हुन्छ। सत्ययुगमा एउटै भारत खण्ड थियो, अरू कुनै खण्ड थिएन। अहिले त कति खण्ड छन्। भारत खण्ड पनि छ तर यसमा आदि सनातन देवी-देवता धर्म छैन। त्यो प्राय: लोप भएको छ। अहिले फेरि परमपिता परमात्माले ब्रह्माद्वारा स्थापना गरिरहनु भएको छ। बाँकी सबै धर्म विनाश भएर जान्छन्। यो त याद राख्नु छ– सत्ययुग त्रेतामा अरू कुनै राज्य थिएन, सबै धर्म अहिले आएका हुन्। कति दुःख, अशान्ति, मारामारी छ। महाभारी महाभारत लडाइँ पनि त्यही हो। एकातर्फ युरोपवासी यादव पनि छन्। ५ हजार वर्ष पहिले पनि यिनीहरूले मिसाइल आविष्कार गरेका थिए। कौरव पाण्डव पनि थिए। पाण्डव तर्फ स्वयं परमपिता परमात्मा सहयोगी हुनुहुन्थ्यो। सबैलाई यही भन्नुभयो– गृहस्थ व्यवहारमा रहँदै मलाई याद गर्यौ भने तिम्रो पाप बढ्दैन र पहिलेको विकर्म विनाश हुन्छ। अहिले पनि बाबा सम्झाउनु हुन्छ– तिमी नै सत्ययुगमा जो सतोप्रधान थियौ, यतिबेला ८४ जन्म लिँदा-लिँदा अब तिम्रो आत्मा तमोप्रधान बनेको छ। अब सतोप्रधान कसरी बन्ने? म पतित पावन बाबालाई याद गरेपछि मात्र सतोप्रधान बन्छौ। यस योग अग्निद्वारा नै पाप भस्म हुन्छ र आत्मा सतोप्रधान बन्छ। र, फेरि स्वर्गमा २१ जन्मको लागि वर्सा पाउँछौ। बाँकी यस पुरानो दुनियाँको विनाश त हुनु नै छ। सत्ययुगमा सृष्टि श्रेष्ठाचारी थियो र सृष्टिको आदिमा धेरै कम मनुष्य थिए। विश्व स्वर्ग थियो, अरू कुनै खण्ड थिएन। अहिले अरू धर्म बढ्दा-बढ्दा वृक्ष कति ठूलो भएको छ। तमोप्रधान जीर्ण भएको छ। अब यस तमोप्रधान वृक्षको विनाश अनि नयाँ देवी-देवता धर्मको वृक्षको स्थापना अवश्य हुनुपर्छ। त्यो संगममा नै हुन्छ। अहिले तिमी छौ संगममा। आदि सनातन देवी-देवता धर्मको अहिले कलमी लागिरहेको छ। पतित मनुष्यहरूलाई बाबाले पावन बनाइरहनु भएको छ, उनीहरू फेरि देवता बन्छन्। जो पहिलो नम्बरमा थिए उनले ८४ जन्म लिएका छन्। उनीहरू नै फेरि पहिलो नम्बरमा आउँछन्। पहिला सुरुमा देवी-देवताहरूको पार्ट थियो। उनीहरू नै पहिला बिछोडिएका हुन्। फेरि उनीहरूको नै पार्ट हुनुपर्यो नि। सत्ययुगमा हुन्छन् नै सर्वगुण सम्पन्न... अहिले छन् विकारी, रात-दिनको फरक छ। अब विकारी विश्वलाई निर्विकारी कसले बनाउँछ? पुकार्छन् पनि– हे पावन बनाउनेवाला आउनुहोस्। अहिले उहाँ आउनु भएको छ। बाबा भन्नुहुन्छ– मैले तिमीलाई निर्विकारी बनाइरहेको छु। यस विकारी दुनियाँको विनाशको लागि लडाइँ लाग्नु छ। बाबा भन्नुहुन्छ– अब एक मत कसरी हुन सक्छ? किनकि अहिले अनेक मत छन् नि। यति धेरै अनेक मत-मतान्तरको बीचमा एक धर्मको मत कसले स्थापना गर्छ? बाबा सम्झाउनु हुन्छ अहिले एक मतको स्थापना भइरहेको छ। बाँकी सबै विनाश हुन्छन्। आदि सनातन देवी-देवता धर्मका जो पावन थिए, उनीहरू नै फेरि ८४ जन्म भोगेर अहिले पतित बनेका छन्। फेरि बाबाले आएर हामीलाई स्वर्गको वर्सा दिइरहनु भएको छ अर्थात् असुरबाट देवता बनाइरहनु भएको छ। तिमीले जसलाई पनि सम्झाउन सक्छौ– मलाई याद गर्यौ भने तिमी पतितबाट पावन बन्छौ। अब तिमी ज्ञान चितामा बस। यस चितामा बस्नाले तिमी पावन

बन्छौ। फेरि द्वापरदेखि रावण राज्य हुने भएकाले काम चितामा बस्दा-बस्दा भ्रष्टाचारी दुनियाँ बनेको छ। आज भन्दा ५ हजार वर्ष पहिले देवी-देवता थिए। थोरै मनुष्य थिए। अहिले त मनुष्य कति आसुरी बनेका छन्। अरू धर्म पनि थपिएर वृक्ष ठूलो भएको छ। बाबा सम्झाउनु हुन्छ– वृक्ष जीर्ण भएको छ। अब फेरि मैले एक मतको राज्य स्थापना गर्नु छ। भन्छन्– एक धर्ममा एक मत हुन्छ। यो बिर्सिसकेका छन्– सत्ययुगमा एक धर्म थियो। यहाँ त अनेक धर्म छन्। अहिले बाबा आएर फेरि एक धर्म स्थापना गरिरहनु भएको छ। तिमी बच्चाहरूले राजयोग सिकिरहेका छौ। अवश्य भगवानले नै राजयोग सिकाउनु हुन्छ। यो कसैलाई थाहा छैन। प्रदर्शनीको उद्घाटन गर्न कोही आउँछन् भने उनीहरूलाई पनि सम्झाउनु पर्छ– तपाईंले केको उद्घाटन गर्नुहुन्छ? बाबाले यस विश्वलाई स्वर्ग बनाइरहनु भएको छ। बाँकी नर्कवासी सबै विनाश हुन्छन्। विनाश भन्दा पहिला कसैले बाबाबाट वर्सा लिनु छ भने आएर बुझ्नु पर्छ। यो बी.के. को जुन आश्रम छ, यो हो क्वारेनटाइन क्लास, यहाँ ७ दिन क्लास गर्नु छ ताकि ५ विकार निस्किएर जाऊन्। देवताहरूमा यी ५ विकार हुँदैनन्। अब यी ५ विकारको दान दिनु छ, अनि ग्रहण छुट्छ। दान दियौ भने ग्रहण छुट्छ। फेरि तिमी १६ कला सम्पूर्ण बन्छौ। भारतवर्ष सत्ययुगमा १६ कला सम्पूर्ण थियो, अहिले त कुनै कला रहेको छैन। सबै कंगाल बनेका छन्। कोही उद्घाटन गर्न आउँछन् भने उनलाई भन– यहाँको नियम छ, बाबा भन्नुहुन्छ– ५ विकारको दान दिइयो भने ग्रहण छुट्छ। तिमी १६ कला सम्पूर्ण देवता बन्छौ। पवित्रता अनुसार पद पाउँछौ। बाँकी यदि केही न केही कला कम भयो भने जन्म पनि ढिलो हुन्छ। विकारको दान दिनु त राम्रो हो नि। चन्द्रमालाई ग्रहण लाग्यो भने सबै भन्दा पहिले ब्राह्मणहरूले दान लिन्थे। अहिले त ब्राह्मण ठूला मानिस बनेका छन्। गरिबहरूले त बिचरा भीख मागिरहन्छन्, पुरानो कपडा आदि पनि लिइरहन्छन्। ब्राह्मणले त पुरानो कपडा लिँदैनन्, उनीहरूलाई नयाँ दिइन्छ। अब तिमीले सम्झाउँछौ– भारतवर्ष १६ कला सम्पूर्ण थियो। अहिले आइरन एजेड भएको छ। ५ विकारको ग्रहण लागेको छ। अहिले तिमी ५ विकारको दान दिएर यो अन्तिम जन्म पवित्र रह्यौ भने नयाँ दुनियाँको मालिक बन्छौ। स्वर्गमा धेरै कम आत्माहरू थिए। पछि वृद्धि हुन्छ। अहिले त विनाश पनि सामुन्ने खडा छ। बाबा भन्नुहुन्छ– ५ विकारको दान दियौ भने ग्रहण छुट्छ। अब तिमीले श्रेष्ठाचारी बनेर स्वर्गको सूर्यवंशी राज्य लिनु छ, त्यसैले भ्रष्टाचारलाई छोड्नुपर्छ। ५ विकारको दान देऊ। आफ्नो दिलसँग सोध– म सर्वगुण सम्पन्न, सम्पूर्ण निर्विकारी बनेको छु? नारदको उदाहरण छ नि। एउटा विकार छ भने पनि लक्ष्मीलाई कसरी वरण गर्न सक्छौ? कोसिस गरिराख, विकारलाई जलाइदेऊ। सुनलाई गलाउँछन्, गल्दा-गल्दा यदि आगो कम भयो भने खाद निस्किँदैन, त्यसैले पूरा आगोमा गलाउँछन्। फेरि जब देख्छन्– फोहोर अलग भयो, अनि कर्बमा राख्छन्। बाबा अहिले स्वयं भन्नुहुन्छ– कहिल्यै पनि विकारमा नजाऊ। तीव्र वेगले पुरुषार्थ गर। पहिला त पवित्रताको प्रतिज्ञा गर। बाबा हजुर पावन बनाउन आउनु भएको छ, म कहिल्यै विकारमा जाने छैन। देही-अभिमानी बन्नु छ। बाबाले हामी आत्माहरूलाई सम्झाउनु हुन्छ। उहाँ परम आत्मा हुनुहुन्छ। तिमीले जानेका छौ– हामी पतित छौं। आत्मामा नै संस्कार हुन्छ। म तिम्रो बाबाले तिमी आत्माहरूसँग कुरा गर्छु। यस्तो कसैले भन्न सक्दैन– म तिम्रो बाबा परमात्मा हुँ। म आएको छु पावन बनाउन। तिमी पहिला सुरुमा सतोप्रधान थियौ फेरि सतो, रजो, तमोमा आयौ। तमोप्रधान बनेका छौ। यस समयमा ५ तत्त्व पनि तमोप्रधान छ त्यसैले दुःख दिन्छ। हर चीजले दुःख दिन्छ। यही तत्त्व जब सतोप्रधान हुन्छ अनि सुख दिन्छ। त्यसको नामै हो– सुखधाम। यो हो दुःखधाम। सुखधाम हो बेहदका बाबाको वर्सा। दुःखधाम हो रावणको वर्सा। अब जति श्रीमतमा चल्छौ, त्यति उच्च बन्छौ। फेरि प्रसिद्ध हुन्छौ– कल्प-कल्प यिनी यसरी नै पुरुषार्थ गर्नेहरू हुन्। यो कल्प-कल्पको बाजी हो। जसले धेरै पुरुषार्थ गरिरहेका छन्, उनीहरूले आफ्नो राज्य भाग्य लिइरहेका छन्। ठीक पुरुषार्थ गरेनन् भने थर्ड ग्रेडमा जान्छन्। प्रजामा पनि थाहा छैन के बन्ने हुन्! लौकिक बाबाले पनि भन्छन्– तिमीले मेरो नाम बदनाम गर्छौ, घरबाट बाहिर निस्क। बेहदका बाबा पनि भन्नुहुन्छ– तिमीलाई मायाको थप्पड यस्तो लाग्छ, जसकारण सूर्यवंशी-चन्द्रवंशीमा आउन सक्दैनौ। आफूले आफैलाई थप्पड लगाउँछन्। बाबा त भन्नुहुन्छ– वारिस बन। राजतिलक लिन चाहन्छौ भने मलाई याद गर। अरूलाई पनि याद दिलायौ भने तिमी राजा बन्छौ। नम्बरवार त हुन्छन् नै। कोही वकिलले एक-एक मुद्दाबाट लाखौं रुपियाँ कमाउँछन् र कसै-कसैलाई हेर– लगाउनको लागि कोट पनि हुँदैन। पुरुषार्थमा भर पर्छ नि। तिमीले पनि पुरुषार्थ गर्यौ भने उच्च पद पाउँछौ। मनुष्यबाट देवता बन्नु छ। चाहे मालिक बन, चाहे प्रजा बन। प्रजामा पनि नोकर चाकर बन्छन्। विद्यार्थीको चाल-चलनबाट शिक्षकले थाहा पाउँछन्। आश्चर्य छ– जो पहिला आउने भन्दा पछि आउने तीक्ष्ण हुन्छन् किनकि अहिले दिन-प्रतिदिन रिफाइन प्वाइन्ट मिलिरहन्छन्। कलमी लगाउँदै जान्छन्। पहिलेका त कोही भागन्ती भएर गए। नयाँ थपिँदै जान्छन्। नयाँ-नयाँ प्वाइन्ट मिल्दै जान्छन्। धेरै युक्तिले सम्झाइन्छ। बाबा भन्नुहुन्छ– धेरै गहन र रमणिक कुरा सुनाउँछु, जसबाट तिमी झट्ट निश्चयबुद्धि बन्छौ। जहाँसम्म मेरो पार्ट छ, तिमीलाई

पढाइरहन्छु। यो पनि ड्रामामा निश्चित छ। जब कर्मातीत आवस्था पाउँछौ, अनि पढाइ पूरा हुन्छ। बच्चाहरूले पनि बुझ्छन्। अन्त्यमा परीक्षाको नतिजा थाहा हुन्छ नि। यस पढाइमा नम्बरवन सब्जेक्ट हो– पवित्रताको। जबसम्म बाबाको याद रहँदैन, बाबाको सेवा गर्दैनौं, तबसम्म आराम आउनु हुँदैन। तिम्रो लडाइँ हो नै मायासँग। जलाउन त रावणलाई जलाउँछन् तर जान्दैनन्– ऊ को हो? विजया दशमी त धेरै मनाउँछन्। अहिले तिमीलाई आश्चर्य लाग्छ– राम भगवानकी भगवती सीता चोरियो। फेरि बाँदरको लस्कर लिए। यस्तो कहिल्यै हुन सक्छ? केही पनि बुझ्दैनन्। त्यसैले जब प्रदर्शनीमा आउँछन्, सबै भन्दा पहिला बताउनु पर्छ– यहाँ यी लक्ष्मी-नारायणको राज्य थियो, त्यतिबेला कति मनुष्य होलान्! ५ हजार वर्षको कुरा हो। अहिले कलियुग हो, त्यो नै महाभारी महाभारत लडाइँ पनि हो, बाबा आएर राजयोग सिकाउनु हुन्छ। विनाश पनि हुन्छ। यहाँ एक धर्म, एक मत अथवा शान्ति कसरी हुन सक्छ? जति एक मत हुनको लागि टाउको दुखाउँछन्, त्यति लडाइँ गर्छन्। मक्खन तिमीलाई मिल्छ। बाबा सम्झाउनु हुन्छ– जे गर्छौ त्यो पाउँछौ। बच्चाहरू त म भन्दा पनि उच्च बन्न सक्छौ। तिमी म भन्दा पनि धनवान विश्वको मालिक बन्छौ। म बन्दिनँ। मैले तिमी बच्चाहरूको निष्काम सेवा गर्छु। म दाता हुँ। यस्तो कसैले नसम्झियोस्– मैले शिवबाबालाई ५ रुपियाँ दिएँ। शिवबाबाबाट त ५ पद्म स्वर्गमा लिन्छु। त्यसैले के यो दिनुभयो? यदि सम्झन्छौ– मैले दिन्छु, यो त शिवबाबाको ठूलो अपमान गर्नु हो। बाबाले तिमीलाई कति उच्च बनाउनु हुन्छ। तिमीले ५ रूपयाँ शिवबाबाको खजानामा दिन्छौ। बाबाले तिमीलाई ५ करोड दिनुहुन्छ। कौडीबाट हीराजस्तो बनाइदिनुहुन्छ। कहिल्यै यस्तो संशय ल्याउनु छैन– मैले शिवबाबालाई दिएँ। उहाँ कति भोलानाथ हुनुहुन्छ। मैले बाबालाई दिन्छु– यो कहिल्यै विचार आउनु हुँदैन। होइन, शिवबाबाबाट हामीले २१ जन्मको लागि वर्सा लिन्छौं। शुद्ध विचारले दिएनौं भने कसरी स्वीकार होला! सबै कुराको समझ बुद्धिमा राख्नुपर्छ। ईश्वर अर्थ दान गर्छन्, के उहाँ भोको हुनुहुन्छ र? होइन, सम्झन्छन्, हामीलाई अर्को जन्ममा मिल्छ। अहिले तिमीलाई बाबाले बसेर कर्म, अकर्म, विकर्मको गति सम्झाउनु हुन्छ। यहाँ जुन कर्म गरिन्छ त्यो विकर्म नै हुन्छ किनकि रावण राज्य हो। सत्ययुगमा कर्म अकर्म हुन जान्छ। मैले तिमीलाई अहिले त्यस दुनियाँमा ट्रान्सफर गर्छु, जहाँ तिमीबाट विकर्म नै हुँदैन। बाबाका धेरै बच्चाहरू हुन्छन्, फेरि तिम्रो पैसाले पनि के काम गर्छ। म कच्चा व्यापारी होइन, जसले लेओस् तर काममा नआओस्, फेरि भरेर दिनुपरोस्। म पक्का व्यापारी हुँ। भनेर दिने आवश्यकता छैन। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) तीव्र वेगले पुरुषार्थ गरेर विकारको खादलाई योगको अग्निमा गलाइदिनु छ। पवित्रताको पूरा प्रतिज्ञा गर्नु छ।

२) कर्म-अकर्म-विकर्मको गतिलाई बुद्धिमा राखेर आफ्नो सबैथोक नयाँ दुनियाँको लागि ट्रान्सफर गरिदिनु छ।

वरदान:– आफ्नो बुद्धिरूपी नेत्रलाई क्लियर र केयरफुल राख्ने मास्टर ज्ञान सागर , शक्तिशाली भव

जसरी ज्योतिषीले आफ्नो ज्योतिषीको ज्ञानद्वारा, ग्रहको ज्ञानद्वारा आउने आपद-विपदलाई जान्न सक्छन्, त्यस्तै तिमी बच्चाहरूले पनि पहिले नै मायाद्वारा आउने पेपरलाई चिनेर पास विद अनर बन्नको लागि आफ्नो बुद्धिरूपी नेत्रलाई क्लीयर बनाऊ अनि केयरफुल बन। दिन-प्रतिदिन यादको वा साइलेन्सको शक्तिलाई बढाऊ अनि पहिले नै थाहा हुन्छ आज केही हुनेवाला छ। मास्टर ज्ञान सागर, शक्तिशाली बन्यौ भने कहिल्यै हार हुन सक्दैन।

स्लोगनः– पवित्रता नै नवीनता हो र यही ज्ञानको आधार हो।